मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १७४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ १० गते शनिवार (Saturday, May 23. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

लागूऔषध सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ, धन सम्पत्तिको बर्बाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



## सुनसान बिर्तामोड

**लकडाउनलाई खुकुलो बनाउने केन्द्रीय सरकारको निर्णय र जिल्ला कोरोना रोकथाम तथा व्यवस्थापन समितिले लागू गरेको जोरविजोर तालिकाले बिर्तामोडमा अत्यधिक भीड बढाएको भन्दै बिहीबार बिर्तामोड नगरपालिकाले शुक्रबारबाट बिर्तामोड शिल गर्ने निर्णय लिएपछि बिर्तामोड सुनसान बनेको हो ।**

**तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

भारतीय नागरिकको जवरजस्ती

# रोक्दा प्रहरीमाथि आक्रमण

**पार्थ मण्डल**

**भद्रपुर, जेठ ९।** कोरोना भाइरसको उच्च जोखिममा रहेको दक्षिणी झापाको कचनकवलमा फेरि भारतीय नागरिकले सीमा तैनाथ सुरक्षाकर्मीमाथि आक्रमण गरेका छन् ।

नेपाली भूमिमा प्रवेश गरेका भारतीय नागरिकलाई सीमा तैनाथ सशस्त्र प्रहरीले रोक्न खोज्दा उनीहरूले आक्रमण गरेको हो । भारतीय नागरिकले सशस्त्र प्रहरी हवल्दार शङ्कर चौधरीलाई कुटपिट गरेका छन् । कचनकवल गाउँपालिका-१ घेराबारीस्थित समरभिट्टा बस्तीदेखि पूर्वमा रहेको १२२ नम्बर पिलर नजिकै सशस्त्रको अस्थायी पोस्टमा राखिएको छ । पोष्टमा सशस्त्रका हवल्दार चौधरीसहित पाँच जना खटिएका थिए । पारी भारतीय बस्ती गिलावारी पर्छ ।

त्यहाँका ५/७ जना भारतीय नागरिक शुक्रवार बिहान साढे ९ बजे नेपाली भूमिमै आएर घाँस काटेर फर्किन लाग्दा सशस्त्र प्रहरीले सीमामै रोकेर उनीहरूलाई नेपाल प्रवेश नगर्नु भनी सम्झाउन खोजेका थिए । किन सम्झाएको भन्दै भारतीय नागरिकले सशस्त्र प्रहरीलाई गालीगलौज गर्दै एक्कासी बाँसको भाटाले सशस्त्रका हवल्दार चौधरीको टाउकोमा प्रहार गरेका थिए । सोही क्रममा दुवै पक्षबीच सामान्य झडप भएपछि थप ५०देखि ६० जनाको भारतीय नागरिकको हुल आएर आक्रमणको प्रयास गर्न खोजेको गाउँपालिका-३ नम्बर वडाध्यक्ष विजय राजवंशीले जानकारी दिए । उनका अनुसार भारतीय नागरिकले सशस्त्रका हवल्दार चौधरीलाई बाँसले प्रहार गरी कुटपिट गर्दा उनको हात र टाउकोमा चोट लागेको छ ।



'भारतीय नागरिकले फेरि सुरक्षाकर्मीमाथि आक्रमण गरेपछि तीन सय बढी नेपाली नागरिक प्रतिकार गर्न सीमामा पुगेका थियो'- उनले भने- 'हामी सीमा पुगेपछि भारतीय नागरिक त्यहाँबाट भागेका थिए । आज पनि सीमा ठूलो घटना हुन पाएन, घटना हुन बित्तिकै थप नेपाली सुरक्षाकर्मी घटनास्थल पुग्नुका साथै भारतीय एसएसबी पनि आइपुगेका थिए ।' घटना पश्चात् नेपाल र भारत दुवै देशका सुरक्षाकर्मी, जनप्रतिनिधिसहितको दशगजामा बैठक बसी आइन्दा फेरि यस्तो घटना नदोहोरिने भारतीय पक्षले प्रतिबद्धता जनाएको वडा अध्यक्ष राजवंशीले बताए ।

यही जेठ ३ गते बेलुका पनि गाउँपालिका-१ घेरावारीस्थित १२५/१० नम्बर पिलरको सुरिभिट्टा-झण्टुबस्ती नजिकैको अस्थायी सशस्त्र प्रहरीको पोष्टमा भारतीय नागरिकको जत्थाले सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए । भारतीय नागरिकले आक्रमण गरेपछि गाउँवासीसहित सशस्त्र प्रहरी प्रतिकार उत्रिएपछि उनीहरू भागेका थिए । आक्रमणबाट बच्न सशस्त्र प्रहरीले एक राउन्ड हवाई फायर समेत गरेका थिए । यसअघि पनि कचनकवलको घेरावारीको चमारभिट्टा र केचनाको खुट्टामनि सीमामा पनि सशस्त्र तथा नेपाल प्रहरीमाथि भारतीय नागरिकले आक्रमण प्रयास गरिसकेका छन् ।

कचनकवलमा भारतबाट आएका ३३ जना नेपाली नागरिकमा कोरोना संक्रमण पुष्टि भएपछि अहिले गाउँपालिका उच्च जोखिममा रहेको छ ।

# महिलालाई परिवार नियोजनका साधन पाउनै मुस्किल

**झापा, जेठ ९।** संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष यूएनएफपीएले कोरोनाभाइरस महामारीका कारण सम्भवतः महिलाहरूले परिवार नियोजनका साधनमा पहुँच नपाउने र अनिच्छित गर्भाधारण बढ्ने चेतावनी दिएको छ ।

यूएनएफपीएको एउटा प्रतिवेदनमा भनिएको छ- मध्यम र न्यून आय भएका ११४ देशका चार करोड ७० लाख महिलाहरूले आधुनिक परिवार नियोजनका साधनमा पहुँच नपाउन सक्छन् । यदि ६ महिनासम्म लकडाउन भयो भने ७० लाख महिलाहरू अनिच्छामै गर्भवती बन्नेछन् र स्वास्थ्य सेवामा ठूलो व्यवधान आउनेछ ।

हरेक तीन महिना लम्बिने लकडाउनले थप २० लाख महिलाहरू आधुनिक परिवार नियोजनका साधनबाट वञ्चित हुनेछन् । यसले विशेषगरी फिलिपिन्सजस्तो गर्भपतन अवैध भएको र परिवार नियोजनका साधनहरूका लागि महिलाहरू सामुदायिक स्वास्थ्य



केन्द्रहरू तथा परिवार नियोजन सम्बन्धी कार्यक्रमहरूमा भर पर्ने स्थानमा चिन्ता बढाएको छ । कोभिड-१९ का कारण फिलिपिन्समा १२ लाख महिलाहरूले अनिच्छामै गर्भधारण गर्नुपर्ने हुनसक्छ- फिलिपिन्सस्थित संयुक्त राष्ट्रसंघीय समूहका प्रतिनिधि डा. जोसेफ माइकल सिंहले भने । यो एकदमै खराब अवस्थाको चित्रण हो । त्यहाँ कोरोनाभाइरस महामारीका कारण प्रमुख परिवार नियोजनका सेवामा ५० प्रतिशतले कमी आएको छ ।

अनिच्छित गर्भाधारणसँगै नर्स, सुसारे र आकस्मिक सेवाको कमीका कारण अधिक मातृमृत्युदर हुनसक्ने समूहले चेतावनी दिएको छ । एउटा गैरसरकारी समूह रूट्स अफ हेल्थकी प्रमुखले कण्डोमसहित विभिन्न खाले परिवार नियोजनका अस्थायी साधनहरूको मौज्दात कम भएको बताइन् । फिलिपिन्सका कतिपय दुर्गम र ग्रामिण क्षेत्रहरूमा उनको संस्थाले सित्तैमा प्रजनन् स्वस्थ्य सेवा प्रदान गर्ने गर्छ ।

तर, ढुवानी सेवा र उडानहरूमा आएको कमीका कारण अहिले उनीहरूको आपूर्तिमा कमी आएको छ । सरकारको राष्ट्रिय परिवार नियोजन कार्यक्रमले आफूहरूसँग आवश्यक अस्थायी साधनहरू रहेको तर सबै प्रदेशहरूमा पुऱ्याउन समस्या भएको बताएको छ । हामीलाई भेट्नका लागि एकजना महिलाले १० किलोमिटर हिड्नुपऱ्यो र हरेक पटक आउँदा चेकप्वाइन्टहरूमा किन उनी यहाँसम्म आउनु पऱ्यो

***(बाँकी अन्तिम पृष्ठमा)***

# 'अमेरिकाले सामाजिक दुरी कायम गरेको भए ३६ हजार मानिस बाँच्थे'

**अमेरिका, जेठ ९।** संयुक्तराज्य अमेरिकाले यदि समयमै सामाजिक दुरी कायम गर्ने खालको नीति लिएको भए अमेरिकाका कोरोना भाइरसको संक्रमणबाट कम्तीमा पनि ३६ हजार मानिसको ज्यान बाँच्न सक्ने हालै गरिएको एक अनुसन्धानले देखाएको छ ।

अमेरिकाले मार्च १५पछि नागरिकबीच सामाजिक दुरी कायम गर्न सकिने खालको नीति लिएको थियो । तर त्यसको दुई हप्ता मात्र अघि यस्तो नीति लिएको भए अमेरिकाका कम्तीमा पनि ३६ हजार मानिसको ज्यान बचाउन सजिलो हुने सो अध्ययनले देखाएको छ ।

अमेरिकाको कोलम्बिया विश्वविद्यालयको मेलम्यान स्कूल अफ पब्लिक हेल्थ साइन्सले हालै मात्र गरेको एक अनुसन्धानमाा यस्तो तथ्य पत्ता लागेको सञ्चारमाध्यमहरुले जनाएका छन् ।

अमेरिकामा गत मार्च महिनाको पहिलो र दोस्रो हप्तामा धेरै मानिसमा यो कोरोना भाइरसको संक्रमण बढेको देखिएको छ ।

यदि त्यति नै बेला लकडाउन या अरु नै केही नीति बनाएर नागरिकका बीचमा सामाजिक दुरी कायम गर्ने वातावरण बनाउन सकेको भए अहिले भएको अमेरिकीहरुको मृत्युमा कम्तीमा पनि ३६ हजार कमको मृत्यु हुने अनुमान गरिएको पछिल्लो यो अनुसन्धानले देखाएको छ ।

अमेरिकाको जोन हप्किन्स युनिभर्सिटीको पछिल्लो तथ्यांक अनुसार हाल अमेरिकामा १५ लाख ७७ हजार भन्दा बढी मानिस संक्रमित भएका छन् । त्यस्तै यहाँका ९४ हजार ७०० भन्दा बढीको ज्यान गएको छ । अमेरिकामा सामाजिक दुरी कायम गर्ने खालको सतर्कता अपनाउन र त्यस्तै लकडाउनजस्तै नीति सम्बन्धमा निर्णय गर्न दुई हप्ता ढिलो भएका कारण त्यहाँ बढी क्षति हुन पुगेको अधिकारीहरुले जानकारी दिएका छन् ।

# मेची भन्सारको लक्ष्य पूरा नहुने संकेत

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, जेठ ९।** १ नम्बर प्रदेशमा सर्वाधिक राजश्व संकलन गर्ने पूर्वको मेची भन्सार कार्यालय काँकरभिट्टाले चालू आर्थिक वर्ष २०७६/०७७ को वार्षिक राजश्व लक्ष्य पूरा नगर्ने संकेत देखिएको छ ।

नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभागले यस कार्यालयलाई चालू आर्थिक वर्ष २०७६/२०७७ का लागि १३ अर्ब २४ करोड रुपैयाँ वार्षिक राजश्व असुलीको लक्ष्य दिएको छ । तर, चालू आर्थिक वर्ष सकिन मात्र दुई महिना बाँकी रहँदा लक्ष्यको तुलनामा ४९ दशमलव ५४ प्रतिशत मात्र रकम असुली गरेको छ । प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माका अनुसार चालू आर्थिक वर्ष २०७६/०७७ को वितेको दशमहिना वा साउनदेखि बैशाखमहिनासम्मको अवधिमा कार्यलयले ६ अर्ब ५५ करोड ८६ लाख वा ४९ दशमलव ५४ प्रतिशत राजस्व संकलन गरेको छ ।

पहिलो दशमहिना संकलित राजस्व सो अवधिसम्मको लक्ष्यको तुलनामा ६० प्रतिशत हो । साउनदेखि बैशाखमहिनासम्म कार्यालयको लक्ष्य १० अर्ब ९५ करोड १४ लाख रुपैयाँ छ । जेठमहिनामा कार्यालयको मासिक लक्ष्य १ अर्ब १८ करोड भएपनि पहिलो सातासम्म ६ करोड ५५ लाख रुपैयाँ संकलन भएको प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माले जानकारी दिए ।

भारतको पश्चिम बंगाल सरकारले नेपालसँग सीधा सीमा जोडिएको भारतको पानीट्यांकीस्थित रानीगञ्ज नाका ठप्प पार्दा मेची भन्सार कार्यालय काँकरभिट्टाको १ अर्ब १० करोड रुपैयाँ राजश्व प्रभावित बनेको थियो । यसैका कारण कार्यालयले वार्षिक लक्ष्य पूरा गर्न नसक्ने संकेत

***(बाँकी अन्तिम पृष्ठमा)***

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# लकडाउनः के गर्दैछिन् केकी



अभिनेत्री केकी अधिकारी लकडाउनमा कपनस्थित घरमा परिवारसँगै समय बिताइरहेकी छिन् । चलचित्र क्षेत्रमा आएदेखि नै उनको व्यस्त जीवन शुरु भयो ।

तर, कोरोना भाइरसको कारण विश्व नै ठप्प हुँदा परिवारसँग समय बिताउन पाउनुलाई अवसरका रूपमा लिन्छिन्- उनी । यसको सदुपयोग गर्नुपर्छ भन्ने केकीले महिना दिन लामो लकडाउनलाई आफ्नो अनुभवमा तीन चरणमा विभाजन गरेकी छिन् । लकडाउनको पहिलो साता उनका लागि मज्जाको ब्रेक भयो ।

दोस्रो साता भने दिन बिताउन गाह्रो भयो । बाहिर काममा गइरहनेहरूका लागि यसरी घरभित्रै बन्द हुनु सजिलो पक्कै होइन । केकीलाई पनि छट्पटी भयो । चलचित्र हेर्न पनि मन नलाग्ने, टाउको दुखेको जस्तो हुने, दिमागमा धेरै कुरा आइरहने, भविष्यको चिन्ता हुने र मन एकाग्र नहुने भइरह्यो । जब यसवाट निस्कन्छौं, केही ढोकाहरू बन्द होलान् । केही ढोका बन्द हुनु भनेको अर्को ढोका खुल्नु पनि हो । त्यसैले चुनौतिलाई अवसरमा परिणत गरौं ।'

तर, तेस्रो र चौथो साताको लकडाउनमा उनको मन सन्तुलनमा आयो । यो समय उनमा ऊर्जा मात्र बढेन, कहिले मन नपर्ने कुकिङमा पनि उत्तिकै रहर जाग्यो । किचेनमा नयाँ-नयाँ परिकार पकाउन हौसिइन् । पुस्तक पढ्नु र चलचित्र हेर्नु त उनको नियमित तालिकामै पर्छ । साथीहरूसँग अनलाइनमा छलफलसमेत गर्छिन् ।

यही अवधिमा 'भर्चुअल लिटरेचर फेस्टिभल' मा कलाकार साथीहरूसँग बहस पनि गरिन् । उनी भन्छिन्- 'जब हामी फुर्सदिला हुन्छौं । पुराना कुरामा अल्झिरहन्छौं र भविष्यबारे चिन्तित हुन्छौं । यस्तो गर्दा मानसिक रोग लाग्न सक्छ । त्यही भएर खाली नबसी सिर्जनात्मक कार्यमा लाग्नुपर्छ ।'

त्यसैले उनी रीमा विश्वकर्मासँग मिलेर आफ्नो पेजमा अन्ताक्षरी कार्यक्रम पनि गरिरहेकी छिन् । साथै दर्शकका लागि लाइभ आउने त छदैछ । कोरोनाबाट सबैभन्दा बढी प्रभावित मनोरञ्जन नै हुने उनको निष्कर्ष छ । 'अहिले सबैले आफ्नो शारीरिक र मान' सिक स्वास्थ ठीक राख्नुपर्छ । जब यसवाट निस्कन्छौं, केही ढोकाहरू बन्द होलान् । केही ढोका बन्द हुनु भनेको अर्को ढोका खुल्नु पनि हो । त्यसैले चुनौतिलाई अवसरमा परिणत गरौं ।'

# इलाममा ४२को पीसीआर, माईमा ६५ बेडको क्वारेन्टाइन





**विमल दहाल**

**इलाम, जेठ ९।** कोरोना भाइरस (कोभिड-१९) संक्रमण आशंकामा माईको क्वारेन्टाइनमा रहेका पाँचसहित इलामका ४२ जनाको पीसीआर परीक्षण गरिएको छ ।

कोरोना भाइरस संक्रमणको पीसीआर बिधिबाट माईका ५ जनाको समेत बिहीबार परीक्षणका लागि स्वाव संकलन गरिएको माईका स्वास्थ्य प्रमुख पुष्कर कट्टेलले जानकारी दिए । हालसम्म १६ जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय इलामका कोभिड-१९ फोकल पर्सन विमल बरालले बताए ।

झापासँग सीमाना जोडिएको माई नगरपालिका, रोङ र चुलाचुली गाउँपालिकामा कोरोना भाइरसको जोखिम उच्च रहेको मान्न सकिन्छ । भाइरस संक्रमित देशका बिभिन्न स्थानबाट आएका तथा भारत र तेस्रो मुलुकबाट आएकाहरुलाई राख्ने गरी माई नगरपालिकाले ६५ बेड क्षमताको क्वारेन्टाइन समेत निर्माण गरिसकेको मेयर दीपककुमार थेबेले जानकारी दिए । क्वारेन्टाइनको क्षमतालाई १ सय ५० बनाउने लक्ष्य रहेको समेत मेयर थेबेले जानकारी दिए । यसअघि माईमा १५ बेड क्षमताको क्वारेन्टाइन मात्र रहेको थियो । गरुवा बहुमुखी क्याम्पस दानाबारीमा रहेको क्वारेन्टाइनमा हाल ६ जना रहेको स्वास्थ्यकर्मी जीवन ताजपुरियाले जानकारी दिए ।

यता इलाम जिल्लामा हालसम्म ६२६ जनाको आरडीटी विधिबाट परीक्षण गरिसकिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जनाइएको छ । छिमेकी जिल्ला झापामा कोरोना संक्रमितको संख्या बढ्दै जाँदा इलाममा परीक्षणको दायरा बढाउन तयारी भइरहेका छ ।

स्थानीय तहहरुले पिसिआर परीक्षण बढाउन भिटिएम खरिद गर्ने भएका छन् । भिटिएम खरिद गर्ने भएपछि परीक्षण गर्न जनशक्ति तयार गर्ने विहिबार स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीलाई तालिम दिइएको थियो ।

# मदिरा र घरझगडाले आगलागी बढ्यो

**झापा, जेठ ९।** पछिल्लो चार महिनामा मात्रै बागलुङमा आगलागीका तीन घटना भए । गत फागुन, चैत तथा यही जेठमा घरगोठ नै मासिने गरी भएका ती घटनाको कारण थियो- अधिक मदिरा सेवन र घरझगडा । तीनवटै घटनामा मानवीय क्षति नभए पनि सामान्य असावधानी अपनाउँदा भएका यस्ता घटनाले हतहती निम्त्याउन सक्थ्यो । जिल्लाकै बरेङ गाउँपालिका वडा नं ३का अध्यक्षसहित दुई जनाको ज्यान जाने गरी भएको घटना भने छिमेकी जिल्लाको थियो ।

बुधबार जिल्लाको बडिगाड गाउँपालिका-२ सिमलचौरका सुरजबहादुर कुमाल मदिराले लट्ठ थिए । साँझको समयमा मदिरा सेवन गरेर घर पुगेका उनले परिवारका सदस्यसँग झगडा थाले । श्रीमती राधिका र छोरीलाई हातपातको प्रयास गरे । उनीहरुले भागेर ज्यान त जोगाए तर ओत लाग्ने घर भने क्षणमै खरानी भयो । मदिराले मातेका सुरज आफैंले घरमा आगो लगाएको खुलेको छ- प्रहरी निरीक्षक दीपक रिजाल भन्छन्- ठूलो क्षति त भएको छैन तर घरगोठ जलेको छ । रिसको झोंकमा कोरेको सलाइले सुरजले आफ्नै बासलाई खरानी मात्रै बनाएनन्, अब कानून अनुसारको कारवाहीको भागीदार बने । उनको घरमा बुधबार राति ९ बजेपछि भएको आगलागी प्रहरी र स्थानीयवासीको सक्रियतामा दुई घण्टापछि नियन्त्रणमा आएको थियो ।

घरगोठ एकै ठाउँमा तथा खरको छानो भएकाले गोठमा बाँधिएका पशुचौपाय जोगाउनसमेत हम्मेहम्मे भयो । उनको घर जल्दा लाखौंको क्षति भएको खर्बाङ प्रहरी चौकीका प्रमुख प्रहरी सहायक निरीक्षक गुरुप्रसाद न्यौपानेले बताए । दैनिक मजदुरी गरेर खाने परिवारमा घरभित्रैको झगडामा मदिराले होस गुमाउँदा ओत लाग्ने बास नै उजाडियो ।

क्षणभरमै घरगोठ खरानी बनाएका कुँवरको परिवार अहिले छिमेकीको घरमा आश्रय लिएको परिवारलाई नेपाल रेडक्रस सोसाइटी उपशाखा खर्बाङले त्रिपालसहित सहयोग गरेको छ । बडिगाडमा जस्तै गत चैतमा बागलुङ नगरपालिका-१० भकुण्डेका नगेन्द्र थापाले पनि आफ्नै काका पर्नेको गोठमा आगो लगाए । मदिरा सेवन गरेर घर पुगेका उनले परिवारसँगको समान्य झगडाकै क्रममा रिसले चुर भइ आगो लगाएको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

गत फागुनमा जैमिनी नगरपालिका-२ दमेक आरुबोटका नरिश्वर रिजालले आफ्नै घरमा आगो लगाए । खरको छाना रहेको उनको घर जल्दै गर्दा गोठ पनि छोडेन । अहिले घरगोठ रहेको ठाउँमा खरानी मात्रै छ । उनले आफ्नै घरमा आगो लगाउनुको कारण पनि परिवारिक कलह र अधिक मदिरा सेवननै थियो । पछिल्लोपटक भएका सबै घटना मदिराकै कारण भएका छन- उनले भने ।

# गाई-भैंसीलाई सुत्केरी भत्ता !

**झापा, जेठ ९।** कैलालीको टीकापुर नगरपालिकाले गाई-भैंसीलाई सुत्केरी भत्ता दिने भएको छ ।

चालु आर्थिक वर्षमा ६० भन्दा बढी गाई भैंसीलाई सुत्केरी भत्ता वितरण गर्ने नगरपालिकाको पशु शाखाले जनाएको छ । शाखा प्रमुख श्यामराज पाण्डेका अनुसार उन्नतजातका बाच्छी उत्पादन गर्ने कार्यक्रम अन्तर्गत किसानलाई गाई तथा भैंसीपालनमा प्रोत्साहन गर्नका लागि सुत्केरी भत्ता दिन थालेको छ ।

किसानले दूध उत्पादनमा मात्र ध्यान नदिएर बाच्छीको स्याहारमा पनि ध्यान दिऊन् भनेर भत्ता उपलब्ध गराउन थालेका हौं- उनले भने- किसानलाई पशुपालनका लागि प्रोत्सहान र पशुको सम्मानका लागि भत्ता वितरण गर्ने नीति लिएका छौं । सुत्केरी पशुलाई पौष्टिक आहार खुवाउनका लागि पनि यो कार्यक्रम प्रभावकारी हुने विश्वास उनको छ ।

सुत्केरी भत्ता पाउन किसानले गाई र बाच्छीको फोटो कार्यालयमा पेश गर्नुपर्छ । भत्ता निजी अस्पतालमा कृत्रिम गर्भाधान गरेको भए पनि पाउने व्यवस्था गरिएको छ । सेवा लिनका लागि कृत्रिम गर्भाधान गरेको प्रमाणचाहि पेश गर्नुपर्छ । टीकापुर-४ बाघमाराका गाईपालक किसान रत्नप्रसाद पोखरेलको गाईले यस वर्ष रु एक हजार सुत्केरी भत्ता पायो । उन्नत जातको बाच्छी होस् भनी कृत्रिम गर्भाधान गरेका थियौं- पोखरेलले भने- गाई सुत्केरी हुनेबित्तिकै एक हजार पाए । यसले गाईलाई आवश्यक पोषण खुवाउन सहयोग भयो ।

कृषि शाखाले यसबाहेक पशुपालक किसानलाई अवलोकन भ्रमण, घाँसको बीउमा अनुदान, प्राविधिक सहयोग, पशु स्वास्थ्य शिविरजस्ता कार्य गर्ने गरेको छ । शाखाले यस वर्ष डालेघाँस, बहुवर्षीय घाँस, पौष्टिक आहारा वितरण कार्य गर्दैछ । यो समय घाँस खेती गर्ने समय हो- शाखा प्रमुख पाण्डे भने- लकडाउनमा वितरणमा समस्या भएको छ । त्यसैले किसानलाई भेला गर्न कठिन छ । अब विकल्पको खोजी गर्दै वितरण गर्ने तयारी गर्दैछौं ।

पशुपालक किसान शिव थापाले टीकापुर दूध उत्पादनमा आत्मनिर्भर बन्दै गएको बताए । यहाँ व्यावसायिकरूपमा पशुपालनमा लाग्ने युवाहरुको सङ्ख्या बढ्दै गएको छ- उनले भने- किसानलाई प्रोत्साहन गर्ने कार्य भइरहेको छ तर यति मात्र पर्याप्त होइन । खेतीयोग्य जमिन प्लटिङ भएर किसानलाई घाँस उत्पादनमा समस्या हुने अवस्था आउन थालेको छ । स्थानीय सरकारले यस सम्बन्धी दीर्घकालीन नीति तथा योजना बनाउनुपर्ने उनको भनइ छ ।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जगगाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)


# विदेशबाट आउनेको स्वाब परीक्षणपछि मात्रै गाउँ पठाउन माग

**पाँचथर, जेठ ९।** पाँचथरका स्थानीय तहका प्रमुखहरुले भारतसहित विदेशबाट आउने नागरिकलाई स्वाब परीक्षण गरेपछि मात्रै गाउँ पठाउन माग गरेका छन् ।

जिल्ला समन्वय समितिले फिदिममा आयोजना गरेको भेलामा स्थानीय तहका प्रमुखहरुले विदेशबाट आएकाको स्वाब परीक्षण नगरी गाउँ पठाउँदा उत्पन्न हुने परिस्थिति सामना गर्न कठीन हुने बताएका हुन् । शीघ्र डाइग्नोष्टिक परीक्षण (आरडिटी) विश्वासनीय नभएको बताउँदै उनीहरुले पीसीआरपछि मात्रै विदेशबाट आएकालाई गाउँ पठाउन माग गरेका छन् ।

बाहिरबाट आउनेहरु गाउँमा पुगेपछि न क्वारेन्टिन प्रभावकारी हुन्छ न त होम क्वारेन्टिन नै, जिल्लाको हिलिहाङ गाउँपालिकाका अध्यक्ष भुवानीप्रसाद लिङ्देनले भने- आरडिटी परीक्षणप्रति आम मानिसमा विश्वास छैन । यसैले विदेशबाट आउने सबैको स्वाब परीक्षण गरेपछि मात्रै गाउँ पठाइयोस् । अध्यक्ष लिङ्देनले बिना परीक्षण विदेशबाट ल्याइएकालाई गाउँ पुर्‍याउँदा सङ्क्रमण फैलने डरसमेत उत्तिकै रहने बताए । भारतसहित अन्य मुलुकमा अलपत्र परेका तथा उद्धार गर्नुपर्ने अवस्थाका नागरिकलाई गाउँमा ल्याएर राख्ने विषयमा स्थानीय तहका जनप्रतिनिधिले यस्तो गुनासो गरेका हुन् । उनीहरुले विदेशबाट ल्याइने नागरिककै कारण गाउँ-गाउँमा कोभिड-१९ को सङ्क्रमण फैलन त्राससमेत व्यक्त गरेका छन् ।

तुम्बेवा गाउँपालिकाका अध्यक्ष होमनाथ थापाले सदरमुकाम आसपासमा ब्यवस्थित क्वारेन्टिन निर्माण गरी विदेशबाट आउनेहरुलाई दुई सातासम्म राख्ने प्रवन्ध गर्न आग्रह गरे । बरु क्वारेन्टिनमा भएको खर्च हामी आफैं व्यहोर्छौं- अध्यक्ष थापाले भने- सकभर विदेशबाट आउनेहरुलाई फिदिममै राखियोस् । सदरमुकाम बाहिरका स्थानीय तहहरुमा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी पर्याप्त नहुँदा विगतमा क्वारेन्टिन सञ्चालन एवम् सुरक्षा कायम गर्न कठिनाई परेको जिल्लाको फाल्गुनन्द गाउँपालिकाका अध्यक्ष वीरबहादुर कुरुम्बाङ तथा कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङको निष्कर्ष छ । पर्याप्त सुरक्षाकर्मी नहुँदा हामीले क्वारेन्टिन ब्यवस्थापमा स्वयम्सेवकसमेत परिचालन गर्‍यौं- कुम्मायक गाउँपालिकाका अध्यक्ष चेम्जोङले भने- स्थानीयवासी भएकै कारण क्वारेन्टिनमा बस्नेले स्थानीय तहलाई पत्याएनन् । व्यवस्थापनमा समस्या भयो ।

विगतमा विदेशबाट आएका, तिनको सम्पर्कमा पुगेका तथा जिल्ला बाहिरबाट ल्याइएकालाई यहाँका क्वारेन्टिनमा राखिएको थियो । क्वारेन्टिनमा राख्दा अनावाश्यक झञ्झट व्यहोर्नु परेको तथा क्वारेन्टिनमा बस्नेले अनावाश्यक सुविधा खोजेको स्थानीय तहका जनप्रतिनिधिहरुको साझा गुनासो छ । जनप्रतिनिधिले रोजगारीका लागि खाडी मुलुकलगायत अन्य देशमा गएका नागरिकसमेत स्वदेश फर्कनसक्ने भएकाले सदरमुकाम आसपासमा व्यवस्थित क्वारेन्टिन निर्माण गर्नुपर्ने आवश्यकतासमेत औंल्याएको छ । सङ्क्रमण फैलने क्रमले चाँडै यो महामारी रोकिने देखिएन । त्यसैले स्वास्थ्य र सुरक्षालाई ध्यान दिएर अस्थायी तर ब्यवस्थित क्वारेन्टिन बनाऔं- हिलिहाङ गाउँपालिकाका अध्यक्ष लिङ्देनले भने ।

काठमाडौंबाट यहाँका वासिन्दा ल्याइएपछि जनप्रतिनिधिले अतिरिक्त दबाव भोग्नुपरेको गुनासो गरेका छन् । धेरै सङ्क्रमित भएका तराईका जिल्लाबाट समेत गाउँ आउन पाउनुपर्‍यो भनेर दर्जनौं फोन आउँछन्- जिल्लाको फालेलुङ गाउँपालिकाका अध्यक्ष सञ्चकुमार केरुङले भने- काठमाण्डौंमा बस्नेलाई लैजाने, हामीलाई नलैजाने भन्छन् । ल्याउन पनि नहुने, नल्याउँदा पनि नहुने स्थिति आइपर्‍यो ।

जिल्ला याङ्वरक गाउँपालिकाकी उपाध्यक्ष कमलकुमारी योङहाङ रातारात एम्बुलेन्स तथा खाद्यान्न ढुवानी गर्ने साधनमा आउनेले स्थानीय तहलाई समस्या थपदिएको बताउँछिन् । कतिपय स्थानमा त सङ्क्रमित भेटिएका जिल्लाबाटै पैदल यात्रा गरेर आउने क्रमसमेत देखिएपछि जनप्रतिनिधिहरु चिन्तित बनेका छन् ।

## मेची ...

देखिएको हो ।

चैत २५ गतेसम्म यो नाका भएर सामान आइरहेका भए पनि २६ गतेदेखि सँग सीमा जोडिएको नेपालको पूर्वीनाका काँकररभिट्टा भारततर्फबाट एकलौटी पश्चिम बंगाल सरकारले नाका बन्द गरेपछि यो नाका हुँदै नेपाल प्रवेश गर्ने सवै सवारीका साधन ठप्प थिए । चैत २६ देखि बैशाख २६ गतेसम्म वा ३१ दिन यो नाका पूर्णरुपमा ठप्प हुँदा मेची भन्सार कार्यालय काँकरभिट्टाले १ अर्ब १० करोड रुपैयाँ राजश्व गुमाउनु परेको प्रमुख भन्सार अधिकृत विश्वकर्माले जानकारी दिए ।

भारतका विभिन्न प्रान्तमा नोवल कोरोना भाइरस कोभिड १९को संक्रमण बढेसँगै पश्चिम बंगाल सरकारले अघिल्लो वर्षको चैत २६ गतेदेखि पानीट्यांकीस्थित रानीगञ्ज नाका ठप्प पार्दा नेपाल प्रवेश गर्नै भारतलगायत तेस्रो मुलुकबाट विभिन्न सामान बोकेका मालवहाक सवारी साधनको आवतजावत शुन्य हुँदा मेची भन्सार कार्यालय काँकररभिट्टाको राजश्व असुली नराम्ररी प्रभावित भएको थियो ।

नोवल कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रणका भन्दै अघिल्लो वर्षको चैत ११ गते नेपाल सरकारले लकडाउन गरेलगत्तै पूर्वीनाका भएर अत्यावश्यक सामान ग्यास, बुलेट, तरकारी, फलफूल खाद्यन्नमात्र आउन थालेका थिए । ३१ दिनपछिदेखि मात्र यो नाका सञ्चालनमा आएको छ । तर, भारतलगायत तेस्रो मुलुकबाट विभिन्न सामान बोकेका मालवहाक सवारी साधन नेपाल प्रवेश गरेपनि नेपालबाट निर्यात हुने सवै मालवस्तु ठप्प छन् । नेपालबाट भने कुनै पनि सवारी साधन भारत, बंगलादेशलगायत अन्य मुलुक गएका छैनन् । यसले पनि अहिलेसम्म राजश्व असुलीमा असर परिहरेको भन्सार अधिकारीहरुको भनाई छ ।

यो नाका हुँदै खाना पकाउने एलपी ग्यास, मट्टितेल तयारी पोशाक, सुपारी, सिमेन्ट क्लिङ्कर, हवाई स्प्रीड, सुती कपडा, खरानी स्ल्याग, चामल तथा कनिका, रंगीन टेलिभिजन, ग्लेज टाइल, लुब्रिकेटीङ्ग आयल मोबिल, मोटरका व्याट्री, प्लाष्टिकका प्याक गर्ने ट्युबहरु लगायत बिभिन्न सामग्री भारत तथा तेश्रो मुलुकबाट पैठारी भई आउने गरेका छन् भने मुसुरो दाल, भेनियर सिट, चोकर भुस, आलस, चिया, खयर कत्था, जडीबुडी फलामे संरचनाहरु, अदुवा, सुठो, सुंगुर, बेतताड, प्लाउड, क्राफ्ट पेपर, लगायतका बस्तुहरु नेपालबाट भारत तथा समुद्रपार निकासी हुने गरेका छन् ।

## महिलालाई ...

भन्ने जानकारी दिनुपर्‍यो- पालावान प्रान्तको सहरी स्वास्थ्य कार्यालयमा कार्यरत एनालिजा हेरेराले भनिन् । पालावानसहित फिलिपिन्सका केही क्षेत्रहरूमा लकडाउनका बेला एक परिवारलाई एउटा मात्र क्वारन्टीन पास दिइएको छ ।

त्यो पासकै आधारमा महिलाहरूले परिवार नियोजन सेवा लिन पाउँछन् भन्ने निश्चित नभएको बताइन्छ । आफ्नो श्रीमान्रुलाई थाहा नदिइकन परिवार नियोजनका साधन प्रयोग गर्नेहरूका लागि त त्यो झन् त्यसले केही काम गर्दैन। यद्यपि पालावानलगायत केही क्षेत्रमा लकडाउन केही खुकुलो पारिएको छ र थोरै क्षमतामा सामाजिक दूरी कायम गरेर सार्वजनिक यातायात चल्न दिइएको छ । पालावान प्रदेशमा देशकै सबैभन्दा बढी किशोरी उमेरमै गर्भवती हुने समस्या रहेको छ । महामारी पहिले पनि त्यहाँका महिलाहरूले बन्ध्याकरणका साधनहरूमा पहुँच पाउन संघर्ष गर्नुपर्थ्यो ।

सन् २०१७मा गरिएको राष्ट्रिय सर्वेक्षणका अनुसार विवाहपूर्व यौन सम्बन्ध कामय गर्ने ४९ प्रतिशत महिलाहरूले कुनै पनि प्रकारको अस्थायी साधन प्रयोग नगर्ने गरेको देखाएको थियो । त्यस्तै आमा बन्न नचाहने १७ प्रतिशत महिलाहरूले पनि अस्थायी साधन प्रयोग नगर्ने गरेको बताएका थिए ।

फिलिपिन्समा यस्ता साधनहरूको प्रयोगले हुने हानिलाई लिएर गलत सन्देश पाएकाले महिलाहरू परिवार नियोजनका साधन प्रयोगमा निरुत्साहित हुनु त्यसको मुख्य कारण भएको बताइन्छ । वीवीसी









श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

निबन्ध

# छचल्किए हर्षका आँशु विदेशमा रहेका नेपालीका आँखामा



भुवन तामाङ

पैसा कमाएर पारिवारिक आर्थिक स्थिति सुधार्ने सपना सजाएर बालुवाको देश र मलायातिर उडेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु लाखौं छन् । भएको थोरैतिनो घरबारी बन्धकी राखेर चर्को व्याजमा साहुबाट ऋण काढेर धेरै गरीब नेपालीहरु धन कमाउन त्यता गएका छन् ।

अर्कोतिर, परिवार, नातेदार, लोग्ने, स्वास्नीसँग घुर्की लाउँदै विदेश हानिनेहरु पनि धेरै छन् । स्वदेशमा स्वच्छन्दरुपले रमाइलो र मोजमस्ती गर्न पाइएन भन्दै विदेश उड्नेहरु पनि धेरै छन् । नेपालमा के छ र ? भन्दै उड्ने हुने खानेहरु पनि धेरै छन् । त्यस्तैगरी, दलाल या मानव तस्करहरुले प्रलोभनमा पारेर लगेकाहरु पनि विदेशमा उत्तिकै छन् ।

केही हप्ता अगाडिसम्म अरब, मलेशिया लगायत देशहरुमा रहेका नेपालीहरुद्वारा चिटिक्क परेका भवन, पार्क र समुद्र किनारमा बान्की पारिपारि खिचिएका तस्वीरहरु उत्साहपूर्ण स्टाट्ससहित सामाजिक सञ्जालमा देखिन्थे । विदेशमा सञ्चै छु पीर नमान्नु है भनेर घरपरिवारलाई अपडेट गरिएका स्टाट्स र तस्वीरहरु पनि सामाजिक सञ्जालमा बाक्लै देखिन्थे । त्यस्तैगरी, नेपाल र नेपालीलाई गिज्याउँदै र विदेशको महिमा गाउँदै पोष्ट गरेका स्टाट्सहरु पनि बग्रेल्ती सामाजिक सञ्जालमा देखिन्थे । तर, कोरोना भाइरसको कहर शुरु भएपछि भने अर्कै किसिमका स्टाट्स र तस्वीरहरु देखापर्न थालेका छन् र यो क्रम रोकिएको छैन ।

कोरोना भइरसको त्रासका कारण अरब राष्ट्र लगायत विदेशमा समेत लकडाउन भएर रोजगारीका गतिबिधिहरु ठप्प हुँदा धेरै-धेरै नेपालीहरु दुई महिनादेखि पारिश्रमिक, गाँस, बास र स्वास्थ्य उपचारबाट बञ्चित भएका छन् । अव्यवस्थित बसोबास र अस्वस्थ, अपर्याप्त खानाका कारण स्वस्थहरु पनि कैयन त बिरामी र संक्रमित भइरहेका छन् । उनीहरुको हरिबिजोग भएको छ । नेपालीहरु अब त्यहाँ क्यैगरी पनि अडिन नसक्ने भएका छन् । उनीहरु सामाजिक सञ्जालमा रुँदै र बिलौना गर्दै नेपाल आउन पाए हुन्थ्यो भन्दैछन् । त्यसैले अहिले विदेशमा रहेका नेपालीहरु रुँदै र कराउँदै बिलौना गरिरहेका तस्वीरहरु सामाजिक सञ्जालमा देखिन थालेका छन् । विदेशमा रहेका नेपालीहरु अहिले एउटै डुङ्गामा छन् । सबैको समस्या एउटै भइदिएको छ ।

विभिन्न देशमा रहेका नेपालीहरु स्वदेश नेपाल पुग्न आतुर छन् । यसै मेसोमा कुवेतमा रहेका नेपालीहरु पनि नेपाल आउन व्यग्र देखिएका छन् । उनीहरुको धैर्यताको बाँध भत्किँदैछन् । उनीहरु 'कुहिएको आलुजस्तै भयौं, हाम्रो सरकार मरेको हो ?' भन्दै नेपाल सरकारलाई प्रश्न गरिरहेका छन् । कुवेतबाटै अरु पनि, 'यतै मरिएला जस्तो छ' भन्दै पिरलिँदै सामाजिक सञ्जालमा देखिएका छन् । कतिदिन अघि पकाएको कुहिसकेको खानेकुरा देखाउँदै र एउटै कोठामा धेरैजना कोचिएर बस्नुपरेका दृष्यसहित सामाजिक सञ्जालमा नेपाल सरकारलाई स्वदेश लान गुहार मागिरहेका देखिएका छन् । 'चुनावमा भोटहाल्नका लागि चाहिँ विदेशमा रहेका नेपालीहरुलाई नेपाल आओ भन्ने नेताहरुले अहिले विपद्को परिस्थितिमा चाहिँ किन बोलाउँदैनन् ?' भनेर सोधिरहेका छन् ।

खुशीको कुरा, करीब दुई महिनाको लकडाउनपछि नेपाल सरकारले विदेशमा रहेका नेपाली नागरिकहरुलाई स्वदेश ल्याउने तयारी गरेको छ ।



यही जेठ पहिलो हप्तामा बसेको नेपालको संसदको बैठकमा संसदको परराष्ट्र मामिला सम्बन्धी समितिले विदेशमा रहेका नेपालीहरुलाई स्वदेश ल्याउन नेपाल सरकारलाई निर्देशन दिएको छ । विदेशमा रहेका नेपालीहरु चाँडै स्वदेश आउन पाउने सम्भावना बढेर गएको छ । त्यसैले विदेशमा पिरलिएर रुँदै स्वदेश आउने चाहना व्यक्त गर्ने नेपालीहरुको आँखामा यतिबेला हर्षका आँशु छचल्किएका छन् ।

नेपाल सरकारले विदेशमा रहेका नेपालीहरु स्वदेश ल्याउन तयारी शुरु गरिरहेको सञ्चारमाध्यमहरुले जनाएका छन् । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले केहीदिन अघि एक अनलाइन सञ्चारमाध्यमलाई बताए अनुसार विदेशबाट नेपालीहरुलाई ल्याउन तयारी शुरु गरिएको बताएका छन् । हवाई उडानहरु कति गर्नुपर्ला, स्वदेश ल्याइएपछि उनीहरुलाई बसाउन क्वारेन्टाइनहरुको संख्या कति बढाउनु पर्ला भन्ने तयारी भइरहेको मन्त्री ज्ञवालीले बताएका छन् । विदेशमै सबैको कोरोना भाइरस पीसीआर परीक्षण गर्न सम्भव नहुने र न्यूनतम् स्वास्थ्य जाँच गरेर पालैपालो ल्याउने पनि उनले बताएका छन् ।

सर्वप्रथम विभिन्न कसुरमा विदेशका प्रहरी हिरासत या जेलमा रही आम माफी पाएकाहरुलाई ल्याउनुपर्ने मन्त्री ज्ञवालीले बताएका छन् । त्यसपछि रोजगारदाताहरुले खर्च व्यहोर्ने गरी नेपाल पठाइनेहरुलाई, त्यसपछि रोजगारी गुमेका, रोजगादाताले जबरजस्ती निकालेका र अलपत्र, बेखर्ची भएकाहरुलाई पालैपालो नेपाल ल्याइने बताएका छन् । स्वदेश आइसकेपछि केही खर्च सम्बन्धित व्यक्तिहरुले पनि व्यहोर्नुपर्ने र स्वदेश ल्याइसकिएकाहरुको राम्रो व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट सहयोग लिन सकिने पनि बताएका छन् । स्वदेश आइसकेपछि यहाँ भद्रगोल नहोस् भनी राम्रो तयारी गरिसकेपछि विदेशमा रहेका नेपालीहरुलाई ल्याउने काम चाँडै शुरु हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताएका छन् ।

अब विदेशमा रहेका नेपालीहरु पालैपालो स्वदेश आउन पाउने भएका छन् । कोही अघि होलान् कोही थोरै पछि । धैर्य गर्नुपर्ने भएको छ । कुवेत र यूएईले त नेपालीहरुलाई नेपालसम्म नै ल्याइपुऱ्याइदिने कुरा सार्वजनिक भइसकेको छ । यस्तो खबरले विदेशमा रहेका नेपालीहरु र स्वदेशमा रहेका उनीहरुका परिवारहरुमा खुशीको सञ्चार भएको छ तर सबै नेपालीहरुलाई नेपाल सरकारले स्वदेश ल्याउन लागेको हो ? भन्ने कुरा भने स्पष्ट भएको पाइएको छैन । हुनसक्छ, रोजगारका हिसाबले राम्रो तथा बहाल स्थितिमा रहेका र कोरोना भाइरस संक्रमणको उपचार गरिरहेकाहरु छुट्न सक्छन् ।

जो जसरी विदेश पुगेका भए पनि आखिर हौँ त हामी सबै नेपाली । आपद्विपद्मा परेका नेपालीहरुको उद्धार गर्नु, स्वदेश ल्याउनु नेपाल सरकारको कर्तव्य र जिम्मेवारी हुन्छ र नेपाल सरकारले अभिभावकीय भूमिका निभाउने भएको छ ।

नेपालमा सरकारहरुले रोजगारीका अवसरहरु श्रृजना गरिदिएका भए सायद धेरै संख्यामा नेपालीहरु विदेश पुग्ने थिएनन् । महामारीमा बिचल्लीमा पर्ने थिएनन् । देशलाई यत्रो भार पर्ने थिएन तर खुशीको कुरा विदेशमा रहेका नेपालीहरुलाई नेपाल सरकारले क्रमशः ल्याउने कुरा सञ्चारमाध्यममा सार्वजनिक भइरहेका छन् । सबैजना सकुशल नेपाल आउन पाउन् । भविष्यमा नेपालमै रोजगार, स्वरोजगार हुन पाउन् । विदेशलाई समृद्ध पार्ने हातहरुले नेपाललाई नै समृद्ध बनाउन पाउन् ।

समयले कस्तो परिस्थिति निर्माण गर्छ ? भन्न नसकिने रहेछ । मानव र मानव सभ्यता कतिखेर महामारीको चपेटामा पर्न सक्छ ? भन्न नसकिने रहेछ । कतिखेर मानिसदेखि मानिस नै परपर भाग्नुपर्ने बनाउने रहेछ थाह नहुने रहेछ । कतिखेर मानवहरुको घमण्ड चकनाचुर पारिदिने रहेछ थाह नहुने रहेछ । कोरोना भाइरस कहरले मानव समुदायलाई एउटा बिर्सनै नसकिने पाठ सिकाएको छ तर, यस्तो कठोर र निर्दयी पाठ कहिल्यै सिक्न नपरोस् ।

लघुकथा

# राहत



तुलसीराम खरेल

कोरोना भनेको के हो आमा ? सानो छोरोले सोध्यो । देवकीले भनिन्- यो एउटा महामारी हो । यसले हामीलाई मार्न सक्छ ?' छोरीले फरि सोधी- आमाले जवाफ दिइन्- 'सक्दैन छोरी भगवानले हाम्रो रक्षा गर्छन् ।' सँधै बिहान देबकीसँगै चौध बर्षे छोरीले गणेशको पूजा गर्न थालिन् आफ्नो कोठाको सानो मन्दिरमा । किन-किन गणेशले नै बिघ्न बाधाको हरण गर्छन् भन्ने उनको हृदयमा गढेर रहेको छ ।

बाबुले छोडेर अर्की आमा लिएर बेपत्ता छन् । आमाले काम गर्ने भेनियर उद्योग बन्द छ । महामारीले ल्याएको



बन्दाबन्दी दुई महिना भन्दा बढी भइसकेको छ । घरमा खानेकुरो छैन् ।' राहत कसरी पाउने ? गाउँमा धेरैले चरित्रहीन भन्छन् ।' देबकीले छिमेकी साथीलाई भनिन् । बुढाको अत्याचारसँग जुद्दाजुध्दै उनको टाउको भद्रगोल भइसकेको थियो । राहतको खवर उनले पनि सुनिन् । केटाकेटी अर्को एक महिना बाँच्ने भए भन्ने सोचेर केही खुसी भइन् । आफूले आधा पेट मात्र खाएँ भने बच्चाहरुलाई अरु केही दिन जाउलो खान पुग्ला भनेर मनमनै बिचारहरुको तरङ्ग उब्जाइन् ।

राहत बाँड्न टोलका निकै ठूलाबढाहरु लाग्याछन् रे । हाम्रो समस्या कसले सुन्छ र ? उनले आफ्ना एक छिमेकीसँग भनिन् । कसोकसो राहतसूचीमा नाम लेखाइन् । राहत लिने लाइनमा एकजनाले भने- 'यो चण्डाल्नी अलच्छिनी हो । बुढो बिदेश पठाएर याँ तमासा देखाउँछे । लाज लाग्दैन ?' अरु एक/दुईजनाले थपे- 'हो हो यो चरित्रहीन हो ।' देवकीले राहत पाइनन् । राहतको पोको बोक्न आमासँगै गएकी छोरीले गणेश भगवान सम्झिन् । खाली हात फर्कंदै गर्दा देबकीले रातो सारी, सिक्री र हातमा सुनको बाला लाएकी सुकिली महिला राहत थाप्न गएको देखिन् । आफूले देखेकी त्यही महिला स्कुटी चढेर राहतको पोको बाँधेर हुईंकिदै गर्दा उडेको धुलोले देबकी र उनकी छोरी घुर्मैला भए ।

tulasikharel2015@gmail.com

कविता

## छिमेकी सतर्कता

छिमेकीसँगको दुरी बढाउन सक्नुपर्छ ।
अनावश्यक जो व्यक्ति गाउँघर डुल्ने गर्छ ।
उसँग छ भने भाइरस अरूमा सर्न सक्दछ ।
अरूमा रहेको भाइरस आफूमा सर्न सक्दछ ।
एकबाट अरूमा सर्ने सरूवा रोग बुझेपछि
कुनै काम बाहिरिनुपर्दा मास्क वा पञ्जा नभई
सुरक्षित नभई अन्त नजानु गाउँमा कही
आफूसँगै अरू बाँच्ने उपदेश हो, यही ।
प्रत्येक व्यक्ति स्वयम्सेवक बनौं, यो महामारीमा
गरीब छन्, असशक्त छन्, सहयोग गरौं त्यहाँ ।
सम्पन्नले विपन्नमा यो घडी खर्चिनु धन ।
दावानलले जलाई सक्यो, पग्लिएन अझै मन
विवेकमा विद्वान मुर्ख देखिँदैछन् अधिक तर
मन हुनेको धन हुँदैन, धन हुनेले त मन गर ।
यस्तो विपत्मा हाम्रो कठोर दिल भयो किन ।
तिम्रो यस कृति दु:खीले दिलले पाओस् गाउन ।

**– जे एन कवि (गोठाले)**
**अर्जुनधारा–७, रामपथ, झापा**

## गजल

तिमी मालिक तर म आफूलाई दास लाग्दैन
त्यसैले पनि मलाई अचेल तिम्रो केही आस लाग्दैन
यो मायाको व्याख्या म कसरी गरौ खै !!! ?
उनको छातीभन्दा फराकिलो त्यो आकाश लाग्दैन

झर्नुभन्दा बरू सुक्न रूचायो फूलले
भन्छ घामभन्दा प्यारो यो बतास लाग्दैन
छातीभरी पानी बोकेर ऊ सागर भेट्न दौडेको छ

कसले भन्यो नदीलाई पानीको प्यास लाग्दैन
मुटु नजिक राखेकाहरूबाटै अक्सर घात हुन्छ यहाँ
त्यसैले आफ्नै सासमाथि पनि अचेल विश्वास लाग्दैन

**– हेमन्ता भण्डारी**

कथा

# मौकामा चौका



विष्णु निरौला आचार्य

सँधै जानकीले आधा काम भ्याइसक्दा मात्रै बल्ल-तल्ल उठ्ने मङ्गलमान लकडाउन शुरु भएदेखि बिहान चार बजे नै उठ्न थालेको छ। अहिले ऊ आफ्नो गाउँमा बाहिरबाट प्रवेश गर्ने मानिसहरूको सोधपुछ गर्ने, निगरानी गर्ने र शङ्का लागेका मानिसलाई क्वारेन्टाइनसम्म पुऱ्याउनेसम्मको जिम्मेवारी सम्हाल्दै आएको छ। देश पूरै लकडाउन भएको अवस्थामा ज्याला मजदुरी गरि खाने, डेरामा बस्ने, न्यून आर्थिक अवस्था भएका, असहाय , अपांग, वृद्धवृद्धा, रोगी जस्ता मानिसहरूलाई राहत वितरण गर्ने कामको अगुवाइ गरिरहेको छ । जानकी भर्खरै उठेर घर कसिङ्गर लाउँदै थिई मङ्गलमानले चियाको अर्डर गऱ्यो ।

ऊ हत्तपत्त भान्सामा गएर चिया बनाएर लोग्नेलाई टक्र्याए र आफ्नो काममा लागी। चिया पिइसकेर मङ्गलमान जुत्ता लगाउन लाग्यो। यत्तिकैमा जानकीले भनी- सँधै एकाबिहानैदेखि कहाँ जान्छौ ? आज त घरमा केही खानेकुरा छैन, अहिले नानीहरू उठेपछि उनीहरूको मुखबाट 'आमा भोक लाग्यो' भन्ने वाक्य निस्किन्छ। मैले के खान दिनु ? पहिला पसल गएर खानेकुरा किनेर लेराउ अनि जतासुकै गए नि मबाट खोजी हुन्न (अलि झोक्किँदै बोली जानकी। ए लाटी-घरमा सबै खानेकुरा छ त किन बित्थामा ठुस्किएकी तँ ? भित्र भण्डार कोठाको खाटमुनि गएर हेर त ! अस्ती पल्लो गाउँमा वितरण गर्न ल्याएको चामल, दाल, तेल, नुन, आलु, प्याज, चिउरा पहिला आफूलाई दुई चार महिना पुग्ने राखेर मात्रै बाँडेको नि । अझ मौकामा चौका हान्नुपर्छ भनेर आठ दश क्यारेट अण्डा पनि ल्याको छु। तँ साह्रै सोझी छेस् यस्तो कुरा हत्तपत्त बुझ्दिनस् के ! सुन्न जानकी राहत वितरणको लागि सामान किन्दा पहिले नै अलिकति दिमाग लगाएर काम गरेको नि। राहत वितरकलाई नि खान चाहिन्छ भनेर पहिले नै ४०/५० बोरा बास्मती चामल किनियो । पीडितहरुको लागि सस्तो मस्तो मोटा चामल किनेर आइडिया लाइयो के। सय ओटा जति बास्मती चामलको लोगो भएको बोरा किनियो अनि मुरै नि दुई चार बोरा किनियो । सबै बील बास्मती चामलमा मिलाइयो र १०/१० केजी मोटा चामल र दुई/दुई केजी मुरै हाल्दै बोरा प्याक गरियो र एक/एक बोरा बास्मती चामल राहत वितरण गरेको भर्पाई गराइयो पीडितलाई र फेसबुकमा फोटो नि पोस्ट्याइयो। तँ किन पिर मान्छेस् जानकी-धन्न यो कोरोना भन्ने भाइरस कहाँबाट हाम्रो लागि खास बनेर आएछ भन्या। अझ सुन् न म किन अचेल छिटो उठेको भने नि गाउँमा कोही मानिस बाहिरबाट प्रवेश गरे भने कोरोना सर्न सक्छ भनेर त्यस्ता मानिसलाई भरसक प्रवेश गर्नै नदिने, गरिहाले उनीहरूको अवस्थाबारे जानकारी लिने र उनीहरूलाई क्वारेन्टाइनमा लगेर राख्ने व्यवस्था मिलाउने कामको जिम्मा मैले लिएको छु, यसवापत भत्ता आउँछ के लाटी.. भत्ता भनेको तँ बुझ्दिनस् पैसा आउँछ क्या पैसा ।

अर्को कुरा पनि सुन्छेस्- अस्ति बयरबोटे काकाको छोरा बिदेशबाट घर आको रछ। म नि त्यतिबेलै टुप्लुक्क पुगेँछु। आफ्नै गाउँको चिनजानको मान्छे भनेर सबैकुरा सुनाइहाले । मैले नि यसरी बाहिरबाट आको मान्छेलाई घरमा राख्न मिल्दैन, क्वारेन्टाइनमा पठाउनुस्, म लगिदिन्छु भने । मेरो कुरा सुनेपछि काकाकाकी दुबैजना रुनुभो । मैले मौका पाइहालेँ र भने बरु मलाई अलिकति व्यवस्था गर्नुस् म यो कुरा कहीँ हल्ला गर्दिन। आफ्नो एक्लो सन्तान बल्लतल्ल घरमा आइपुगेको, उहाँहरुले घरमै राख्ने, हेरचाह गर्ने अन्त कतै यो कुरा थाहा नहोस् भन्दै १० हजार रुपैयाँ मेरो गोजीमा हालिदिनुभो। अस्ती दिनैपिच्छे खसीको मासुसँग भात खाएको त्यही पैसाले त हो नि लाटी। अनि यो कोरोनाले हामीलाई गरेन त मालामाल ? आज पारी ओखरबोटे गाउँमा नि दुई/तीनजना नयाँ मान्छे पसेका छन् भनेर राति नै फोन आथ्यो त्यही भएर अहिले त्यतै जान लाग्या। आज भरे चाहिँ लोकल कुखुराको व्यवस्था गर्नुपर्ला।

एकोहोरो लोग्नेको कुरा सुनिरहेकी जानकी बोली-हेर बुढा मलाई तिम्रो कुरा रत्तिभर मन परेन। विश्व महामारीको रूपमा फैलिरहेको कोभिड-१९ कोरोना भाइरसका कारण कत्ति मानिसको बिचल्ली भएको छ। हाम्रो गाउँमा अलि हुनेखाने भनेको हामी नै हो। लकडाउन शुरु भए यता हाम्रो गाउँका कुनै पनि मानिसले पेटभरि खाना/खान पाएका छैनन् । मसिना लालाबाला खान नपाएर गाउँमा रुवाबासी छाभ्रन् त्यो छेउघरे ठूल्दाइ आफू मुटु रोगी , बर्षेनिका दुई साना नानीहरू, ठूली भाउजूले बनिबुतो गरेर जेनतेन परिवार पाल्दैथिन्। अचानकको लकडाउनले त्यो परिवारको कन्तबिजोग भाकोछ। घरमा अन्नको गेडो छैन, बर्षेनिका नानी पेट भरिन नपाएर होला जहिल्यै रोएको सुनिन्छ। आफू मुटु रोगी, बुढी काममा जान नपाएको र छोराछोरीको भोकोपेटको चित्कारले ठुल्दाइ हिजो बेहोस भएछन् । म बारीबाट आउँदा यसो निस्किएको थिएँ। साह्रै दु:ख लाग्यो । गरीब हुनु आफैंमा अभिशाप होइन।

एकछिन् पछि ठुल्दाइको होस् आयो, गहभरि आँशु पारेर केही नबोली मतिर हेरे अनि आफ्ना सन्तानतिर । मैले मन थाम्न सकिन र घर आएर केही खानेकुरा पुऱ्याइदिएँ र अब छिट्टै राहत आउँछ भनेर आश्वस्त गराएँ । अहिलेको भाइरस सङ्क्रमणको बेला सारा विश्व त्राहीत्राही भएको बेला अप्ठ्यारोमा परेकालाई सक्दो सहयोग गर्नुको सट्टा आफूले दु:ख गरेर कमाएको पैसाबाट आफ्नो गाँस काटेर कोरोना पीडित राहत कोषमा संकलन गरेको श्रमिक मजदुरहरुको पैसाको चरम दुरुपयोग गरेको तिम्रो कुराले मेरो मुटु चसक्क घोच्यो । पैसाको पछि लागेरै आज मानवता हराएको थाहा पाएँ। दु:खी, गरीब, असहाय , वृद्धवृद्धालाई आएको राहत घर-घरमा लुकाई पीडितमाथि यतिसम्म अत्याचार गरेको सुन्दा मन छियाछिया भो। अब तिमीजस्ता भ्रष्टाचारी कतै जाँदैनौ । तिमीले गर्ने हरेक कामको जिम्मा म लिन्छु र पीडितलाई उचित राहत दिलाउन लागीपर्नेछु। आफ्नो ज्यानको पर्वाह नगरी दुर्गम ठाउँहरुमा पुगेर रातोदिन राहत वितरणमा खटिनुहुने तमाम सहयोगी मनहरुमा हृदयदेखि नै नमन गर्दछु। अनि त्यो चामलको बोरा लुकाको खाटमुनिको लुगा चाहिँ के हो नि ? तँ त्यतिकै रिसाइहाल्छेस् के भन्नु र ? भन न भन रिसाउन्न के।

जानकी कुरा बुझ्न अलि नरम भई। त्यो पीपीइ हो उसको लोग्नेले भन्यो। पीपीइ भनेको के नि ? जानकी ले सोधी। अब बर्षा शुरु हुने बेला भो, पानी पर्दा मोटरसाइकल कुदाउँदा लाउने लुगा हो त्यो उसले जवाफ दियो। अनि सँधै त रेनकोट भन्थ्यौ त पानीपर्दा लगाउने लुगालाई, यो त अस्ती टीभीमा कोरोना सङ्क्रमित बिरामीलाई जाँच्न डक्टरले लगाको लुगा जस्तै देख्छु त म त। ए लाटी-उस्तै देखिएपनि नाम फरक छ के। अनि धेरैवटा छ त त्यो पीपीई त ? सस्तो पाइयो, पाँच छ बर्षलाई पुग्ने एकैचोटी ल्याको नि। हेर्न जानकी अब हामीले यस्ता कुरामा विवाद गरेर समय बर्बाद नगरौं। छोराछोरी उठ्ने बेला भो, तँ भान्छातिर लाग म पनि तल्लो गाउँ पुगेर आउँछु। बरु तैँले भने जस्तो अब आको राहत चाहिँ सबैलाई समान रुपले वितरण गरौंला। मङ्गलमान गाउँतिर लाग्यो। जानकीलाई आफ्नो लोग्नेको असली रुप भर्खर बुझ्ने मौका मिल्यो। उसका पाइला भान्छाघरसम्म लम्कन मानेनन्। मनमा अनेक कुराहरू मडारिइरहेका थिए। ऊ क्षितिजतिर हेरेर टोलाइरही ......टोलाइरही।

# बन्दाबन्दीले रमेशको परिचय फेरियो

**मेचीनगर, जेठ ९।** अहिले नोवल कोरोनाका कारण विश्व आक्रान्त बनेको छ। विश्वको अर्थतन्त्र निक्कै डामाडोल छ। मृत्यु र संक्रमित हुने मानिसको संख्या लाखौ छ।

नोवल कोरोना भाइरसको संक्रमण फैलिन नदिन र नियन्त्रण तथा रोकथामका लागि विश्व अहिले बन्दाबन्दीको अवस्थामा छ। विश्वका कलकारखाना, उद्योग व्यवसाय, शैक्षिक प्रतिष्ठान, यातायातदेखि हवाई उडानलगायतका सवै सेवा ठप्प छन्।

हरेक नागरिक बन्दाबन्दीका कारण आ-आफ्नै घरभित्र बस्न बाध्य छन्। बजार बन्द भएका कारण उपभोक्ताहरु आफूलाई आवश्यक दैनिक उपभोग्य सामग्री नपाएर हैरान व्यहोरिरहेका छन्। तर, पनि यसलाई सहज रुपमा लिएर सवैले सरकारले घोषणा गरेको बन्दाबन्दीको पालना गरेर घरभित्रै बसेका छन्। नोवल कोरोना भाइरसविरुद्ध सवै एक भएर लागेका छन्। या मानवजातिको सुरक्षाका लागि नोवल कोरोना भाइरसविरुद्ध अघि बढिरहेका छन्। बन्दाबन्दीका कारण धेरैको दैनिकी वा जनजीवन कष्टकर भएको भए पनि धेरैले लकडाउनलाई अवसरका रुपमा लिएका छन्। समयको सदुपयोग राम्ररी नै गरिरहेका छन्। यसले अधिकाँशलाई कृषि कर्ममा लाग्न प्रेरणा समेत मिलेको छ।



झापा कमल गाउँपालिका-५का रमेश गौतमको मुख्य व्यवसाय साप्ताहिक रुपमा लाग्ने हाटबजार र खोलानालको गिटी बालुवाको ठेक्का नै हो। बन्दाबन्दीका कारण उनको आय आम्दानीको मुख्यः श्रोत ठेक्कापट्टा अहिले ठप्प छ। आर्थिक रुपमा गौतमले ठुलो व्ययभार व्यहोर्नुपरेको छ। हरेक साता दमक हाटबाट उठ्ने रकम गुमेको छ उनको। खोलानालाको ठेक्का पाएको भए पनि हालत उही छ। तर, पनि गौतमलाई कुनै चिन्ता छैन बन्दाबन्दीको।

भन्छन्- 'बन्दाबन्दीले सवैको दैनिकी कष्टकर त भएको छ कुनै न कुनै प्रकारले हामी सवैलाई नोक्सान पुगेको छ, यो सँगै यो विपद् मेरा लागि अवसर पनि बनेको छ।' बन्दाबन्दीअघि उनको भान्सामा कहिल्यै आफ्नो वारीको सव्जी पाकेन। हरेकदिन बजारबाट ल्याएर खानुपर्ने अवस्थामा पुगेका गौतमले बन्दाबन्दीलाई अवसरका रुपमा लिएर आफ्नै १० धुर जग्गामा सव्जी खेती शुरु गरे। अहिले उनको करेसाबारीमा मनग्यै सागसव्जी फलाएका छन्।

उनको भान्सामा यतिखेर आफ्नै वारीमा फलेका इस्कुस, चटेला, घिरौला, बोडी लट्टेको साग, करेला, भिण्डी फर्सीको गट्टा, काक्रा कुरिलोलगायतका तरकारी पुग्ने गरेको छ। मकै पनि राम्रै फलाएका छन्। उनले ६ कट्ठा जमिनमा लगाएको मकै पाक्न लागेको उनको भनाइ छ। बन्दाबन्दीको सदुपयोग गर्दै आफ्नो खेतीवारी खनेरै तरकारी खेती गरेको उनको भनाइ छ। यसले गर्दा के हुँदो रहेनछ भन्ने एउटा गतिलो पाठ समेत मिलेको बताउँछन्- गौतम। 'बन्दाबन्दीले निक्कै फुसर्दिलो बनायो'- गौतमले भने- 'सवै व्यवसाय ठप्प छन्। खोलानाला हाटबजार सवै बन्द घरमै चुप लागेर बस्न सकिन यो फुसर्दको समयलाई सदुपयोग गर्दै आफ्नै वारीमा सव्जी खेती शुरु गरे अहिले मनग्ये फले पनि बन्दाबन्दीले आत्मनिर्भर हुन पनि सिकायो।'

यसलाई उनी बन्दाबन्दीको फाइदा र यसैको प्रतिफल भएको बताउँछन्। बजारमा पैसा हाले पनि ताजा तरकारी खान नपाएको स्मरण गर्दै गौतमले भने- 'आफ्नो वारीमा फलाएको सागसब्जी विषादिरहीत छ। रसायनिक मल प्रयोग भएको छैन। गाईवस्तुको गोवर मल हालेर फलाएको छु। पक्का अर्ग्यानिक यसले शरीरमा फाइदा पनि पुग्यो खानको लागि ताजा र स्वादिष्ट पनि भयो।'

यतिखेर तरकारी खेतीसँगै धान रोप्नका लागि व्याड बनाउने तयारीमा जुटेका छन्- गौतम। उनीहरु भन्छन्- 'जोत्न ट्र्याक्टर पाइएन यसपटक खनेरै व्याड बनाउने र बीऊ छर्ने हो।' हुनतः उनको पूर्ख्यौली पेशा खेतीपाती कृषिकर्म नै हो। तर, उनी यो पूर्ख्यौली पेशालाई चट्कै छाडेर वैदशिक रोजगारका लागि १२ वर्ष विदेशिएका थिए। ३ वर्ष मकाउ र ९ वर्ष दुवई बसेर स्वदेश फर्केका गौतम लगत्तै ठेकदारी व्यवसायमा जमे। तर, यो बन्दाबन्दीले उनका सवै व्यवसाय ठप्प भएपछि कृषिकर्ममै जुटे। 'जति नै गरे पनि कृषि जस्तो पक्का र स्थायी पेशा केही नहुँदो रहेछ'- गौतमले भने- 'कृषिकर्मले हरेकलाई आत्मनिर्भर बनाउँछ, परनिर्भरको अन्त्य गर्दछ।'

लकडाउनको फाइदा उठाएर कृषिकर्ममा लाग्ने गौतम त एकजना प्रतिनिधि पात्र मात्र हुन्। झापा मेचीनगर-६का अधिकांश मानिसले आफ्नो घर नजिकैको बाझो जग्गा खनेरै तरकारी खेती गरेका छन्। अन्य दिन कुनै न कुनै पेशा व्यवसायमा व्यस्त यहाँका मानिस अहिले फुर्सद भएका बखत घर नजिकैको बाँझो जमिन खनेर तरकारी खेती गर्न थालेका हुन्। अहिले धेरैले आफ्नो घर नजिकै घिरौला, बोडी लट्टेको साग, करेला, भिण्डी फर्सीको गट्टा, काक्रा फलाएका छन्।

# ओसिनको सुन्दरता



भिजे तथा मोडल ओसिन सिटौलाका हजारौं फ्यान छन्। उनको बोल्ने कलाले फ्यानको ध्यान तान्ने गर्छ। पछिल्लो समय भने ओसिन मिडियामा खासै देखिएकी छैनन्।

द भ्वाइस अफ नेपालमा सुशील नेपालसँग कार्यक्रमको होस्ट गरेकी ओसिनलाई त्यही शोबाट धेरैले नोटिस गरे।

सामाजिक सञ्जालमा सक्रिय रहने ओसिनलाई इन्स्टाग्राममा एक लाख ७४ हजारले फलो गरेका छन्। उनले सामाजिक सञ्जालमा आफ्ना हट तस्वीरहरु शेयर गर्ने गर्छिन्। उनका सुन्दर तस्वीरमा फ्यानहरूको प्रशंसाको प्रतिक्रियाहरू निकै आइरहेका हुन्छन्।

# हजुरआमाले फेसबुकमा नातिनातिनाको तस्वीर हालेपछि...



**झापा, जेठ ९।** नेदरल्यान्ड्सको एउटा अदालतले एक महिलाले नातिनातिनाका तस्वीर उनीहरूका आमाबुवाको अनुमतिविना फेसबुक र पिन्ट्रेस्टमा हालेको भन्दै ती तस्वीरहरू हटाउन आदेश दिएको छ।

यो आदेश आमा र छोरीबीच मनमुटाव बढेर अदालतमा मुद्दा परेपछि आएको हो। न्यायाधीशले यो मुद्दालाई युरोपेली युनियनको जेनरल डेटा प्रोटेक्शन रेगुलेशन कानूनले छुने बताएका छन्। एक विज्ञले यो आदेशले वर्षौंदेखि युरोपेली अदालतले लिएको अडानलाई प्रतिविम्बित गरेको बताएका छन्।

**किन भयो विवाद ?**

हजुरआमाले आफ्नो नातिनातिनाका तस्वीरहरू सामाजिक सञ्जालबाट मेट्न अस्वीकार गरेपछि विवाद अदालतसम्म पुगेको बताइएको छ। ती बालबालिकाकी आमाले आफ्नी आमालाई ती तस्वीरहरू मेट्न बारम्बार अनुरोध गरेकी थिइन्।

जेनरल डेटा प्रोटेक्शन रेगुलेशन तथ्याङ्क वा डेटाको विशुद्ध व्यक्तिगत वा घरायसी प्रयोगमा लागू हुँदैन तर सामाजिक सञ्जालमा हाल्दा तस्वीरहरु सबैका लागि उपलब्ध हुने हुँदा त्यो नियम लागु नहुने आदेशमा भनिएको छ। फेसबुकका सम्बन्धमा ती तस्वीरहरू वितरण नभएका र तेस्रो पक्षका हातमा नपुग्ने भन्न सकिन्न- आदेशमा भनिएको छ।

**अदालतले अरू के भन्यो ?**

ती महिलाले कि तस्वीर हटाउनुपर्ने अन्यथा १,००० अमेरिकी डलरसम्म प्रत्येक दिनको ५० डलरका दरले जरिबाना तिर्नुपर्ने आदेशमा उल्लेख छ।

यदि उनले थप तस्वीर हालेमा प्रतिदिन थप ५० डलर जरिबाना लाग्नेछ। मलाई लाग्छ यो आदेशले केही नसोची तस्वीर इन्टरनेटमा हाल्ने मानिसहरूलाई अचम्भित पार्नेछ- डिकोडेड लिगलका अधिवक्ता नील ब्राउनले भने। कानूनी कुरा जेसुकै भए पनि यस्ता तस्वीर हाल्ने मानिसहरूले सायद तस्वीरमा भएकाले व्यक्तिलाई इन्टरनेटमा आफ्नो तस्वीर हालेको मन पर्दैन कि भनेर सोच्नु उपयुक्त हुन्छ।

## श्रोत नखुलेको १० लाख ५ हजारसहित पक्राउ

**रौतहट, जेठ ९।** इशनाथ नगरपालिका-९ दुर्गामन्दिरस्थित सडकबाट श्रोत नखुलेको नगद १० लाख ५ हजार रुपैयाँसहित बारा सिम्रौनगढ नगरपालिका-७ बस्ने २५ वर्षीय सुकुरुल्लाह अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरी चौकी औरैयाबाट खटिएको प्रहरीले उनलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो। साथै उनको साथबाट ना.५४ प २११६ नम्बरको मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**काठमाडौं, जेठ ९।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मकवानपुर बकैया गाउँपालिका-६ कोल खहरे बस्ने ४८ वर्षीय काजीमान राईलाई प्रहरीले पक्राउ गरेको छ।

राईले ती किशोरीलाई आफ्नै घरको कोठामा बोलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# क्वारेन्टाइनका लागि अब होटल तथा रिसोर्ट

**झापा, जेठ ९।** विदेशबाट फर्किएका नागरिकलाई राख्न आवश्यक क्वारेन्टाइन व्यवस्थापनका लागि होटल तथा रिसोर्ट प्रयोगमा ल्याइने भएको छ। शहरी विकास मन्त्रालयमा भएको छलफलमा राज्यमन्त्री रामवीर मानन्धरले देशभरका व्यवस्थितरूपमा चलेका होटल तथा रिसोर्टलाई क्वारेन्टिन बनाउनेबारे आवश्यक परामर्श थालिएको बताए।

उनका अनुसार हाल काठमाडौं उपत्यकामा ५१८ श्यया तयारी अवस्थामा छन्। देशभर भने करीब ६५ हजार क्वारेन्टाइन तयारी अवस्थामा रहेकामा २५ हजार सर्वसाधारण क्वारेन्टाइनमा छन्। देशभर क्वारेन्टाइनको अनुगमन र सहजीकरणको जिम्मेवारीमा रहेका राज्यमन्त्री मानन्धरले देश सङ्कटमा परेका बेला ठूला होटललाई क्वारेन्टाइनका रूपमा व्यवस्थापन गर्न सरकारले पहल थालिरहेको बताउँदै यसमा व्यवसायीबाट आवश्यक सहयोगका अपेक्षा गरे।

राज्यमन्त्री मानन्धरका अनुसार हाल खाली रहेका होटललाई निश्चित रकम तिरेर सरकारले जनताको जीवनरक्षाका लागि प्रयोग गर्न सक्ने छ। विदेशमा विपद्मा परेका नेपाली नागरिकलाई सरकारले उद्धार गरी ल्याएको अवस्थामा काठमाडौं उपत्यकामा आवश्यक क्क्वारेन्टाइनका लागि पूर्वतयारी गरिएको बताउँदै खाडी मुलुकमा श्रमका लागि गएका सर्वसाधारण सरकारको प्राथमिकतामा रहेको स्पष्ट पारे। हवाई मार्ग भएर फर्कनेका लागि उपत्यकामा अस्थायी क्वारेन्टाइन बनाइने र सम्बन्धित स्थानीय तहमार्फत व्यवस्थापन गरिनेबारे सरकारले छलफल गरिरहेको राज्यमन्त्री मानन्धरले जानकारी दिए।

केही स्थानमा क्वारेन्टाइन व्यवस्थापनमा कमजोरी देखिएको बताउँदै राज्यमन्त्री मानन्धरले तत्काल सुधारका लागि सरकारले आवश्यक समन्वय गरिसकेको जानकारी दिए। क्वारेन्टाइन व्यवस्थापनको खर्च संघीय सरकारले व्यहोर्ने बताउँदै राज्यमन्त्री मानन्धरले निर्धक्क भएर व्यवस्थापनमा लाग्न देशभरका स्थानीय सरकारलाई आग्रह गरे।

कार्यक्रममा अनुगमन तथा सहजीकरणको जिम्मेवारीमै रहेका स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नवराज रावतले सरकारले बनाएको मापदण्ड अनिवार्यरूपमा पालना गर्न स्थानीय सरकारलाई आग्रह गरे। दार्चुला, बाँके, बर्दिया, जुम्ला, बाजुरा, पर्सा, कैलाली र कञ्चनपुरलगायत जिल्लामा भारतबाट आउने सर्वसाधारणको व्यवस्थापनमा समस्या देखिए पनि राज्यमन्त्री रावतले व्यवस्थापनमा कमजोरी हुन नदिइने बताए।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले क्वारेन्टाइन व्यवस्थापन कार्यविधि पालना गरिएमा समस्या नआउने बताउँदै बजेट व्यवस्थापनमा देखिएको समस्या समाधानका लागि अर्थ मन्त्रालयलाई आग्रह गरे। गृह मन्त्रालयका उपसचिव गोमादेवी चेम्जोङले क्वारेन्टाइनमा बसाइएकाहरुकामा अनुशासनलगायत समस्या देखिएकाले यसको भित्री व्यवस्थापन नेपाली सेनामार्फत गरिए सहज हुने बताइन्। रक्षा मन्त्रालयका सहसचिव सन्तबहादुर सुनारले क्वारेन्टाइन व्यवस्थापनका लागि आवश्यक सबै आर्थिक व्यवस्थापन सङ्घीय सरकारले प्रबन्ध गराउने बताए। छलफलमा गृह, रक्षा, सामान्य प्रशासन, स्वास्थ्य र शहरी विकास मन्त्रालयका उच्च अधिकारीको सहभागिता थियो।


**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

# वर्गीकृत विज्ञापन

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाँडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** व्यापारमा राम्रै फड्को मार्ने समय छ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ होला। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। प्रेम प्रसंग उठ्न सक्ला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। महत्त्वाकांक्षाले लक्ष्यमा पुऱ्याउन सक्छ, क्रियाशील रहनुहोला। मान मर्यादामा वृद्धि होला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समयको मागअनुसार चल्न नसक्दा पछि परिनेछ। सामाजिक कामको जिम्मेवारी बढ्नेछ। गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** गोप्य रहस्य पत्ता लाग्नेछ भने मिहिनेत गर्दा नसोचेको धन लाभ हुन सक्छ। अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन्।